२०८१-४-१

७२ औ वैठक

**<u>निर्णयहरु:</u>**

१. महालेखापरीक्षकको प्रतिवेदनबाट औंल्याइएको सुदूरपश्चिम प्रदेश मातहतका निकायहरूमा रहेको बेरूजुको लगत यसै श्रावण महिनाको तेस्रो हप्तासम्ममा सम्बन्धित निकायहरूले अद्यावधिक गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षणका लागि खटिइआउने स्थलगत टोली समक्ष बेरूजु फछ्र्यौटका लागि पेश गर्ने गरी तयारी अवस्थामा रहन सबै मन्त्रालय/सचिवालय/आयोग/निकायहरूलाई निर्देशन दिने।

२. महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण कार्यका लागि श्रावण मसान्त सम्ममा स्थलगत टोली खटिइआउने जानकारी प्राप्त भएको सन्दर्भमा प्रदेश मातहतका सबै निकायहरूले गत आर्थिक बर्षमा कार्यान्वयन गरेका कार्यक्रमहरूको श्रेस्ता व्यवस्थित र अद्यावधिक राख्नुका साथै लेखापरीक्षण हुने समयमा सम्बन्धित निकायका प्रमुख र जिम्मेवार कर्मचारीहरू विदा वा काजमा नबसी आफ्नो कार्यालयमा अनिवार्य उपस्थित रहने व्यवस्था मिलाउन मन्त्रालय/सचिवालय/आयोगहरूलाई निर्देशन दिने ।

३. सुदूरपश्चिम प्रदेशका लागि तर्जुमाको क्रममा रहेको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिकालाई श्रावण महिनाको तेस्रो हप्तासम्ममा अन्तिम रूप दिई मन्त्रिपरिषद् बैठकमा पेश गर्ने गरी आर्थिक मामिला मन्त्रलायले आवश्यक तयारी गर्ने ।

४. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको विभिन्न मितिका निर्णयानुसार प्रदेश र मातहत निकायका लागि प्राप्त भएका सुझावहरूको कार्यान्वयनको प्रगति विवरण माग भइआएकोमा सो सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. १७८४ मिति २०८१/०३/३१ को पत्रबाट प्रदेश मातहतका निकायहरूलाई पत्राचार गरिएको हुँदा सम्बन्धित मन्त्रालय/सचिवालय/आयोग/निकायहरूले उक्त विषयलाई उच्च प्राथमिकतामा राखी माग भएबमोजिमको ढाँचामा उक्त विवरण तयार गरी तोकिएको समयावधी भित्र उपलब्ध गराउने ।

५. सबै मन्त्रालय/निकायहरूले आ-आफ्नो कार्यालयको बार्षिक प्रगति विवरण तयार गरी निर्धारित समयसीमा भित्रै सम्बन्धित निकायहरूमा पठाउने व्यवस्था मिलाउने।